# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश, नेपाल
८ आषाढ, २०८२

## "सुन्दर, सुखी, सुरक्षित - सुसंस्कृत र समृद्ध, नौकुण्ड"

**अध्यक्षज्यू, द्वारा गाउँसभामा प्रस्तुत गर्नुभएको नौकुण्ड गाउँपालिकाको आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रमः**

गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्यज्यूहरु,

१. नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, सामाजिक न्याय र संघिय लोकतान्त्रीक गणतन्त्र, स्थापनाको निम्ती आफ्नो अमुल्य योगदान गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति असिम सम्मान व्यक्त गर्न चाहन्छु ।

संविधानले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । आफ्नो सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न यस गाउँपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँग समन्वय, सहयोग र सहकार्य गर्नेछ । संघ र प्रदेश सरकारको सोच, लक्ष्य, उद्देश्य र रणनीतिसँग सामञ्जस्य र परिपूरक हुने गरी स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माण गर्ने लक्ष्यका साथ यो नीति तथा कार्यक्रम तयार गरिएको छ । सो अनुसार प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको रूपमा रही नागरिकलाई सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन मुख्य भूमिका खेलिनेछ । यसरी नागरिकलाई सकेसम्म वडास्तरबाट नै सेवा उपलब्ध हुने गरी व्यवस्था गरिनुका साथै जसको लागि निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ ।

गाउँपालिकाको विकासमा नागरिकहरुको प्रत्यक्ष सहभागिता होस्, नागरिकहरुकै घर दैलोमा सरकारको अनुभूति होस् भन्ने उद्देश्यले संघीय शासन व्यवस्था लागु गरिए संगै त्यसको परिणाम स्वरुप यस गाउँपालिकाको गठन भई बि.स.२०७४ देखि नै स्थानीय सरकारको कार्य प्रारम्भ हुदै आएको यस गरिमामय सभालाई स्मरण गराउन चाहन्छु ।

२. सीमित वजेट र श्रोत साधनका वीच पनि नौकुण्डवासीको विकास निर्माणका चाहनालाई पूर्ति गर्न विवेकपूर्ण प्रयत्न गर्नुपर्ने आबश्यकतालाई मध्यनजर गर्दै यस महान अभियानमा एकजुट भएर अघि वढ्नका लागि हामी आज निर्वाचित भएको दोश्रो कार्यकालको दोश्रो वर्षको नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्दै गर्दा नीति तथा कार्यक्रमको सफलताको लागि गाउँपालिकाका सदस्यज्यूहरु, वुद्धिजीवि, पत्रकार, समाजसेवी, नागरिक समाज, संघ संस्थाहरु लगायत सम्पूर्ण गाउँपालिका वासीहरुमा हार्दिक अपिल समेत गर्दछु ।

**सम्मानित सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको श्रोत तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका श्रोत तथा आधारहरु,**

- नेपालको संबिधानले प्रत्याभूत गरेका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु स्थानीय तहको एकल र साझा सूचिहरु प्रमुख आधारको रुपमा लिएको छ ।
- पन्ध्रौ योजनाले तय गरेका लक्ष्य तथा उद्येश्यहरु वार्षिक नीति तथा कार्यक्रमको आधार रहेको छ ।
- अन्तराष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता एंव प्रतिवद्धताहरु को जगमा वार्षिक नीति तथा कार्यक्रम तय गरिएको छ ।
- नौकुण्ड गाउँपालिका पहिलो आवधिक विकास योजना (२०७८/०७९ देखि ०८२/०८३) को आधारको रुपमा लिएको छ ।
- केन्द्रिय सरकार तथा प्रदेश सरकारले अवलम्बवन गरेका नीतिहरु तथा कार्यक्रमहरु यसका आधारका रुपमा रहेका छन् ।
- स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित प्रावधानहरु वार्षिक नीति तथा कार्यक्रमको जग रहेको छ ।

- दिगो बिकासका लक्ष्यहरुलाई पूरा गर्ने सिद्धान्त बाट यस नीति तथा कार्यक्रम अभिप्रेरित छ ।

सभाका सदस्यज्यूहरु,

**दीर्घकालिन सोच :**

नौकुण्ड गाउँपालिकाको आधुनिक र व्यवसायिक कृषि प्रणाली, गुणस्तरिय शिक्षा तथा दिगो पूर्वाधार, मार्फत नागरिकहरुलाई स्वाबलम्बी, स्वस्थ, उद्यमशिल र स्वरोजगार बनाई समृद्ध, समुन्नत गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

**लक्ष्य :**

- आर्थिक, सामाजिक विकास मार्फत, जनताको आय वृद्धि गरी समृद्ध नौकुण्ड सुखी कायम गर्ने ।
- "सुशासनको प्रत्याभूति हुने गरी कृषि र पर्यटनमा जोड दिंदै सामाजिक आर्थिक पूर्वाधारको दिगो विकास सहित नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ ।"

**उद्देश्य :**

१. उत्पादन र उत्पादकत्वमा बृद्धि गरी नौकुण्डबासीको समष्टिगत जीवनस्तर सुधार गर्ने ।
२. समतामूलक, समावेशी र भेदभावरहित शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रको विकास गर्ने ।
३. गुणस्तरीय र वातावरण मैत्री भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।
४. वन वातावरण, जैविक विविधता को संरक्षण र प्रवर्द्धनका साथै जलवायु परिवर्तन अनुकुलन र विपद व्यवस्थापन सम्बन्धी कार्यबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ।
५. नागरिकलाई सुशासनको प्रत्याभूति महसूस हुने गरी संस्थागत सुदृढीकरण गर्ने ।

**सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष ०८२/०८३ को बिषयगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**"दिगो बिकास लक्ष्य प्राप्तीमा - नौकुण्डको गतिशीलता**

**प्रविधिमैत्री शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन पूर्वाधार र उद्यमशिलता"**

**पुर्वाधार बिकास नीतिः**

१. गाउँपालिका प्रशासनिक भवन निर्माण कार्य दुई वर्ष भित्र निर्माण सम्पन्न गरिनेछ ।
२. प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान र गाँउपालिकाबाट साझेदारीमा कार्यक्रम दिगो तथा प्रभावकारीरुपमा सडक स्तरोन्नती गरिनेछ ।
३. नौकुण्डकै गौरवको रुपमा रहेका आयोजनाहरु (पक्की पुल, कालोपत्रे सडक, भवन निर्माण) निर्माण गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनुका साथै संघ तथा प्रदेश सरकार संग समन्वय तथा साझेदारी गरि सम्पन्न गरिनेछ ।
४. पक्की गोरेटो बाटोहरुको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
५. स्याउबारी, लोकिल, लाङबु, थाङदोर, साङग्युल, बच्चा हुदै बक्सर को बाटो संघ र प्रदेश सरकारसँग समन्वय गरि संचालन गरिनेछ ।
६. पुर्वाधार विकासका कामहरु मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने नीति अवलम्वन गरि श्रम मुलक रोजगारलाई प्रमुख प्राथमिकतामा राखिनेछ ।
७. बिकास निर्माणका कार्यहरुलाई अगाढी बढाउदा वातावरणमैत्री, बालमैत्री, अपाङगमैत्री, भूकम्प प्रतिरोधी, महिलामैत्री भौतीक पूर्वाधार नीति निर्माण गरि कार्यन्वयनमा ल्याईनेछ ।
८. संघ तथा प्रदेश सरकारको सहकार्यमा नौकुण्ड गाउँपालिका भित्रका उर्वरा भूमिहरुमा सिचाई कुला तथा नहरहरुको निर्माण गरिनेछ ।
९. गाउँको समग्र विकास निर्माणमा सार्वजनिक नीजि साझेदारी (Public Private Partnership, PPP) को अवधारणा अवलम्बन गरिनेछ ।

१०. यस गाउँपालिकाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको अवधारणा अनुरुप कामका लागि आवश्यक बजेटको **व्यवस्था गरि** कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**सामाजिक बिकास नीति :**

**शिक्षा यूवा तथा खेलकुद**

१. कक्षा १-५ को स्थानिय विषयको पाठ्यपुस्तक निर्माण तथा प्रकाशन गरीनेछ ।

२. गाउँपालिका स्तरिय शिक्षा योजना अध्यावधिक गरी समसामयिक विषयवस्तु समेटि योजना निर्माण गरीने छ।

३. अभिभावकहरुलाई विद्यालय शिक्षाप्रती उत्प्रेरीत गर्न विद्यालयका हरेक क्रियाकलाप प्रती जागरुक वनाउन अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गरेको छू ।

४. प्रधानाध्यापकहरुलाई विद्यालय प्रशासन कार्यप्रती थप प्रोत्साहित तथा पेशाप्रती उच्च मनोवल तथा प्रशासनिककार्यमा सुधार ल्याउन प्रा.वि मा मासिक १००० नि.मा.वि मा १५०० र मा.वि मा २००० का दरले थप प्र.अ भत्ताको व्यवस्थालाई निरन्तरता दिएको छु ।

५. शिक्षामा सुधार ल्याउन तथा सिकाई उपलव्धि वृद्धिगर्न विषय लक्षित सुधार कार्यक्रम अन्तरगत कक्षा १० र कक्षा ८ मा अतिरिक्त कक्षा सञ्चालन र मा.वि तथा नि.मा.वि मा अंग्रेजी,गणित र विज्ञान विषय अध्यापन गराउने शिक्षकहरुलाई तालिमको व्यवस्था गरेको छु ।

६. विद्यार्थिहरुको वौद्धिक क्षमताको मापन गर्न अतिरीक्त क्रियाकलाप तथा खेलहरु सञ्चालन गर्ने व्यववस्था मिलाएको छु।

७. नौकुण्ड गा पा अन्तरगत सामुदायिक विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थिहरुलाई स्वअध्ययन सामग्रि स्टेश्वनरी तथा कापि वितरण गर्ने व्यवस्था मिलाएको छु।

८. स्थानिय पाठ्यक्रम कक्षा ६ देखी कक्षा ८ निर्माण तथा प्रकाशन गर्ने

९. नौकुण्ड गा.पा अन्तरगत साधारण र प्राविधिक धार तर्फ SEE र कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउन सफल छात्र र छात्रा लाई प्रोत्साहन तथा सम्मान गरीने छ।

**स्वास्थ्य, खानेपानी तथा सरसफाई**

१. सामुदायिक स्वास्थ्य ईकाइमा स्वास्थ्यकर्मिहरुको व्यवस्था गरिनेछ ।

२. मातृशिशु स्वास्थ्य कार्यक्रम संचालन गरि मातृशिशु स्वास्थ्यलाई प्रवर्धन गरिनेछ,

३. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई प्रभावकारी एंव क्रियासिल बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

४. यसै आर्थिक वर्ष देखि एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाई बिरामीहरुको सेवामा समर्पित हुने व्यवस्था मिलाईनेछ ।

५. स्वास्थ्य सेवालाई घर दैलोमा पुर्‍याउन स्वास्थ्य घुम्ती शिविर मार्फत महिलाहरुको पाठेघर जाच, जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण, नसर्ने रोगहरुको परिक्षण कार्यक्रमहरु सचालन गरिनेछ ।

६. स्थानीय ५ वेडको आधारभूत अस्पताल निर्माणलाई चालु आ.व.मा सम्पन्न गरिनेछ ।

७. आधारभुत स्वास्थ्यबारे समुदाय स्तरमा जनचेतनाको प्रवर्द्धन अति महत्वपुर्ण हुने तथ्यलाई आत्मसात गर्दै स्वास्थ्य तथा स्वच्छता सम्बन्धि प्रचार प्रसार सामग्री तथा संचारका साधनबाट जनहितमा जारी गरिने सन्देशलाई निरन्तरता दिइनेछ ।

८. यस गाउँपालिकामा **"एक घर - एक धारा"** मार्फत सफा तथा स्वच्छ खानेपानीको उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ सो कार्यलाई निरन्तरता दिनको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारी गरिनेछ ।

९. एक घर एक धाराको व्यवस्थालाई कार्यान्वयनमा ल्याइ पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने कार्यतर्फ अग्रसर भईने छ ।

१०. **"मेरो टोल मै सफा गर्छु"** भन्ने अवधारणालाई वडास्तरमा सरसफाई कार्यक्रमहरुलाई बिशेष प्रोत्साहन दिईनेछ ।

११. वागमती प्रदेश सरकारको नवप्रवर्धन कोष अर्न्तगतको साझेदारीमा सम्झौता भएको फोहरमैला व्यवस्थापन कार्यक्रमलाई यसै आ.व. भित्र कार्यान्वयन गरि नौकुण्ड गाउँपालिकालाई रसुवा जिल्लाको पहिलो फोहरमैला व्यवस्थापन गर्ने गाउँपालिका हुनेछ ।

१२. गाउँपालिकाको केन्द्रमा Lab, Video X-ray सुविधा सहित MBBS Doctor सहितको विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन शुरुवात गरिने छ ।

१३. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

१४. आमाको गर्भ सुरक्षित हुदा एक युग सुरक्षित हुन्छ भन्ने नाराका साथ गर्भवती स्तनपान गराईरहेका आमा तथा पाँच वर्ष सम्मका शिशुका लागि उन्नत पोषणयुक्त सामग्री वितरण कार्यलाई बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत संचालन गरिनेछ ।

१५. गाउँपालिका क्षेत्रलाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ ।

**लैङ्गिक समानता–सामाजिक समावेशीकरण**

१. लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता–सामाजिक समावेशीकरण को अवधारणा लाई आत्मसात गर्दै समावेशि तथा समतामुलक बिकासको नीतिलाई अवलम्बन गरिनेछ ।

२. अपांगता भएका व्यक्ति तथा समुदायलाई आवश्यक (आर्थिक जिविकोपार्जन, सामाजिक, शैक्षिक आदि)सहयोग पुर्‍याउने हेतुले नौकुण्ड पालिकाले एक छुट्टै **"अपांगता पुर्नस्थापना सहयोग कोष"**लाई थप व्यवस्थित बनाई कार्यान्वयनमा ल्याउनेछ ।

३. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निर्मुल गर्ने कार्यक्रमहरु सञ्चालन गरी समुदायमा सचेतनामुलक अभियानहरु सञ्चालन गरिनेछ ।

४. सार्वजनिक, सामुदायिक साझेदारीका लागि टोल विकास संस्थाको गठन तथा व्यवस्थापन गरिनेछ ।

५. समावेशी नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन र कार्यान्वयन गरि समावेशी अनुगमन र मुल्यांकन प्रणालीलाई पालिकाले अवलम्वन गरेको हुनेछ ।

६. गाउँपालिकाले वार्षिक रुपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षणलाई निरन्तरता दिईनेछ ।

७. जेष्ठ नागरिक, असहाय, एकल महिला, गर्भवती महिला, वालवालीका, दलित, अति विपन्न,अपाङ्गता ( कोहिपनि नछुटुन्) भएका परिवारका लागि आर्थिक एंव सामाजिक क्षेत्रको विकासका लागि उपयुक्त नीति वनाई प्याकेज कार्यक्रम संचालनमा ल्याईनेछ ।

८. एकल महिलाको समग्र हित र भलाईका निम्ति **"एकल महिला सहयोग कोष"**को स्थापना र सहयोग कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याउनेछ ।

९. यस गाउँपालिका भित्र प्रत्येक वडाहरुमा पाइक पर्ने गरि वालउद्यान निर्माण तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

१० यसै आर्थिक वर्ष भित्र सबै वडाहरुलाई **"वालश्रममुक्त घोषणा"** गरिनेछ ।

११.लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन सम्बन्धी गाउँपालिका स्तरीय अभिमुखीकरण गरिनेछ । योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता बढाइनेछ ।

रस्टीय

१२.**"प्रधानमन्त्री रोजगार कार्यक्रम,आफ्नो गाउँ आफै बनाऔं"** जस्ता कार्यक्रमहरुमा कामका लागि पारिश्रमिक्रमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गर्दा कोभिडबाट रोजगारी गुमेका र ज्याला मजदुरी गरि जीवन निर्वाह गरिरहेका आर्थिक रुपमा अति विपन्न तथा संकटासन्न घरपरिवारलाई प्राथमिकता दिने नीतिगत व्यवस्था गरिने छ ।

१३.भौतिक विकास निर्माणका कार्यहरुमा अपाङ्गता मैत्रि समावेशि विकासलाई प्राथमिकता दिने नीति लिईनेछ ।

१४. **"सम्वृद्धिमा पहिला, विकासमा महिला"** भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरुमा महिलाहरुको नेतृत्व वृद्धि गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

१५.वडा स्तरका उपभोक्ता समिति मार्फत् सञ्चालन गरिने योजनामा तथा टोल विकास संस्था मार्फत गरिने योजनाहरुमा कम्तिमा एक तिहाई योजना महिला नेतृत्वमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१६.ज्येष्ठ नागरिक घरभेट तथा स्वास्थ्य शिबिर कार्यक्रम संचालन गरिनेछ ।

**कला संस्कृति तथा पर्यटन बिकास**

१. संस्कृति तथा पर्यटन बिकासको माध्यमबाट आर्थिक बिकास तथा रोजगारी सिर्जना गर्न पर्यटकीय स्थलको पहिचान,पूर्वाधार बिकास,स्थानीय तथा मौलिक संस्कृतिको संरक्षण र प्रचारप्रशार गर्ने नीति लिईनेछ ।

२. गाउँपालिका भित्र रहेका धर्म संस्कृति, मठ,मन्दिर, गुम्बा तथा चर्चघर आदिको मर्मत सम्भार,संरक्षण एंव प्रवर्द्धनको लागि आवश्यक श्रोतको व्यवस्था गरिनेछ ।

३. नौकुण्ड गोसाईकुण्ड पदमार्गको डि.पि.आर. तयार भईसकेको अवस्थामा पदमार्ग निर्माणको लाीग संघ तथा प्रदेश सरकारसंग निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

४. होमस्टे, जैविक तथा स्थानीय तरकारी उत्पादन,स्थानीय मौलिक खानालाई स्तरीकरण, र प्रवर्धन गर्न आवश्यक तालिम उपलब्ध गराउने व्यवस्था गर्न पहल गरिनेछ ।

५. सवै वर्ग र समुदायका परम्परागत रीतिरिवाज, धर्म, संस्कृति, उत्सव, जात्राको संरक्षण सम्मान गर्ने नीति लिईनेछ । सवै जातजातिको धार्मिक कार्यलाई मर्यादित र ब्यवस्थित गराउन संस्कृति जगेर्ना सूधार कार्यक्रम सञ्चालन गरिनेछ । दाहसंस्कार, मरनपाटी स्थल सुधार गरिने नीति लिईनेछ ।

६. गाउँपालिका भित्र रहेका विकासका सम्भाब्यता लगायत विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने परिपाटीको शुरुवात गरी पृष्ठपोषण लिने कार्यको थालनी गरिनेछ ।

७. नौकुण्डको शानको रुपमा रहेको जुरेढगाुँ पर्यटन प्रवर्धन कार्यक्रमलाई वागमती प्रदेश संग साझेदारीमा निर्माण कार्य गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**
**आर्थिक बिकास नीति :**
**कृषि तथा पशुपालन विकास तर्फ**

१. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गर्न आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।

२. कृषि क्षेत्रलाई उत्पादनशिल व्यवसायिक एंव प्रतिस्पर्धी बनाउन आवश्यक अनुदान कार्यक्रमहरु तथा पकेट क्षेत्र लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

३. **"पकेट क्षेत्रमा व्यावसायिक तरकारी : एक घर एक करेसावारी"** भन्ने अभियानका साथ तरकारीमा आत्मनिर्भर हुन प्रोत्साहान गरिनेछ।पहिचान भएका तरकारी पकेट क्षेत्रलाई लक्षित गरि व्यावसायिक कृषिमा बढावा दिईनेछ।

४. फलफुल उत्पादनलाई ब्यावसायिक बनाउन क्षेत्र सुहाउदो फलफुल पकेटको पहिचान गरि उन्नत जातका बिरुवा वितरण तथा आवश्यक तालिमको ब्यबस्था गरिनेछ।

५. कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्नमा आत्मनिर्भरता बनाउने नीति लिइनेछ।

६. यस गाउँपालिका भित्र दर्ता भएका कृषक समूहहरु तथा सहकारीहरुको समन्वय तथा सहकार्यमा पकेट क्षेत्र बाट उत्पादित कृषि उपजहरुलाई संकलन गरि बजारीकरणको लागि आवश्यक प्रवन्ध मिलाईनेछ।

७. "एक गाउँ एक उत्पादन" नीति अवलम्बन गरिनेछ।

८. कृषि योग्य जमिनमा आबश्यक सिचाईको व्यवस्था गरि उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ।

९. लक्षित वर्ग महिला,बिपन्न तथा दलित,अपाङ्गता भएका व्यक्तिहरु का साथै भुकम्पबाट बिस्थापित समुदायका किसानहरुलाई बिशेष व्यबस्था गरि हरेक प्रकारका अनुदान,प्रविधि सहयोगमा लक्षित वर्गलाई सुनिश्चित गरि कृषि विकास कार्यक्रम संचालन गरिनेछ।

१०. सिचाई सुबिधा उपलब्ध नभएका क्षेत्रहरुमा बर्ष भरी सिचाई हुनेगरि सिचाईको व्यवस्था मिलाईनेछ।

११. "एक वडा —एक उत्पादन"को नीतिलाई अवलम्बन गरि तरकारी, फलफुल, नगदे बाली र खाद्यान्न बालीलाई व्यावसायिकरण गर्न पकेट क्षेत्र बिकास गरि कार्यक्रम संचालन गरिनेछ।

१२. कृषि व्यावसाय गर्न चाहने महिला उद्यमिहरु, तथा यूवा उद्यमिहरुलाई सहुलियत कर्जाको लागि स्थानीय वाणिज्य बैंक संग सहकार्य गरि सहुलियत कर्जा उपलब्ध गराईने व्यवस्था मिलाईनुका साथै "खाद्यान्नमा आत्मनिर्भर स्थानीय तह" घोषणा गर्ने कार्यक्रम अगाढी बढाईनेछ।

१३. कृषि समुह तथा सहकारी मार्फत कम्तिमा "एक वडा, एक तरकारी नर्सरी" को स्थापना तथा व्यवस्थापनका लागि अनुदान सहयोग उपलब्ध गराईनेछ, साथै महिला उद्यमीहरुलाई बिशेष अनुदानको व्यवस्था मिलाईनेछ।

१४. नौकुण्ड गाउँपालिका स्तरीय कृषि अनुसन्धान केन्द्र स्थापना गरिनेछ।

१५. नौकुण्ड गाउँपालिका स्तरीय कृषि ल्याव निर्माण कार्यलाई पूर्णता दिईनेछ।

१६. जैविक तथा प्राङ्ग्रारिक मलमा प्रति बोरा एक सय पचास रुपैयाको दरले अनुदानको व्यवस्था गरिनेछ।

१७. पाएखोला सिरान देखि वेशि दोभान हुदै सानडाँडा किनारा संरक्षण तथा कृषि पर्यटन प्रवर्द्धन परियोजना नौकुण्ड गाउँपालिका, नौकुण्ड सिविआर समन्वय समिति र रसुवा अपांग पुनःस्थापन केन्द्र, नेपाल को साझेदारीमा संचालन गरिनेछ।

१८. पशु स्वास्थ्यलाई व्यवस्थित बनाउँदै उपचार तथा प्रयोगशाला सेवा कार्यक्रममा निरन्तरता दिइनेछ यसबाट पशुहरुमा लाग्ने विभिन्न किसिमको रोगको पहिचान र उपचार भै पशुपालक कृषकहरु लाभान्वित हुने अनुमान लिइएको छ।

१९. बाख्रा पालन तथा भैसी पालन तर्फ आकर्षित गर्ने उद्देश्यले लागत साझेदारीका आधारमा उन्नत नश्लको शुद्द बोयर बोका तथा उन्नत जातको राँगा वितरण कार्यक्रम संचालन गरिनेछ।

२०. खसी बोकाको मासुमा आत्मनिर्भर बनाउन बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेटको रुपमा सन्चालन गरिने कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

२१. वातावरणमैत्री पशुपालन व्यवसायलाई प्रेरित गर्नका लागि डाले घाँसका विउ तथा बेर्ना वितरणका तथा घाँसको नर्सरी स्थापना कार्यक्रम सन्चालन गरिनेछ। जसले गर्दा पशुपालन व्यवसायलाइ उत्पादन लागत घटाउन मद्दत पुग्ने अपेक्षा लिइएको छ।

२२. महामारी रोगहरुको संक्रमणबाट पशुहरुलाई सुरक्षित राखको लागि पशुपंक्षिमा खोपसेवाका कार्यक्रमहरु नियमित रुपमा सन्चालन गर्ने व्यवस्था मिलाईनेछ। साथै आपतकालीन रुपमा पशुपंछीमा देखिएको अवस्थामा उपचार सेवा लाई प्रथामिकता दिईनेछ।

२३. पशुधनको संरक्षण र ढुक्क सँग पशु व्यवसाय सन्चालन गर्नका पशुपालक किसानहरुका लागि अनुदानमा पशु बीमा कार्यक्रम सन्चालन गरिनेछ। यसबाट पशु बीमामा किसानहरु आकर्षित भै सुरक्षित रुपमा पशु व्यवसाय सन्चालन गर्न सहजता सिल्नेछ।

२४. उत्पादन लागत कम तथा पशुपालन व्यवसायलाई बढवा दिन यान्त्रिकरण मैत्री व्यवसाय संचालन गर्न यन्त्रीकरण वितरण कार्यक्रम संचालन गरिनेछ।

२५. व्यवसाय प्रवर्दन तथा संचालनको लागि पशुपालक कृषकलाई व्यावसायिक तालिमको व्यवस्था मिलाइएको छ। जसले गर्दा कृषकमा पशुपालन व्यवसायमा सुधार तथा आधुनिकीकरण हुने अपेक्षा लिईएको छ।

२६. कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ। जसले गर्दा नश्ल सुधार भइ उत्पादन बढ्ने अपेक्षा लिइएको छ।

२७. बाख्राको श्रोत केन्द्र स्थापना गर्न सम्भावनाको अध्यन गरि आवश्यक पहल गरिनेछ। यसबाट नौकुण्ड गाउँपालिका भित्र बाख्राको उन्नत नश्ल उत्पादन तथा गाउँपालिकाको आन्तरिक आम्दानि बढ्ने अपेक्षा लिईएको छ।

२८. "नौकुण्ड गाउँपालिका वडा नं १ र २ लाई आलु पकेट क्षेत्र घोषणा गरि आलु उत्पादनमा आत्मनिर्भर हुनेछ।"

२९. "नौकुण्ड गाउँपालिका वडा नं ३ र ६ लाई कृषि पर्यटन तथा होमस्टे प्रवर्धन गरि आन्तरिक तथा वाह्य पर्यटनमा वृद्धि ल्याईनेछ।"

३०. "नौकुण्ड गाउँपालिका वडा नं ४ र ५ लाई कफि, तरकारी, फलफुल तथा दुग्ध उत्पादनमा आत्मनिर्भर हुनेछ।"

३१. सहुलियत कर्जाको लागि स्थानीय बैंक तथा वीत्तिय संस्थासंग सहकार्य गरि सहुलियत ऋण कर्जा उपलब्ध गराईने व्यवस्था मिलाईनुका साथै "ऋणमा लाग्ने व्याज अनुदानको" व्यवस्था मिलाईनेछ।

३२. पशु स्वास्थ्यलाई व्यवस्थित बनाउँदै उपचार तथा प्रयोगशाला सेवा कार्यक्रममा निरन्तरता दिइनेछ यसबाट पशुहरुमा लाग्ने विभिन्न किसिमको रोगको पहिचान र उपचार भई पशुपालक कृषकहरु लाभान्वित हुने अनुमान लिइएको छ ।

३३. गाई पालन तथा भैसी पालन तर्फ आकर्षित गर्ने उद्देश्यले लागत साझेदारीका आधारमा उन्नत नश्लको साँडे तथा उन्नत नश्लको राँगा वितरण कार्यक्रम संचालन गरिनेछ ।

३४. दुध उत्पादन ब्यबसायलाई प्रथामिकता दिदै दुध उत्पादनमा अनुदान कार्यक्रम सन्चालन गरिनेछ।

३५. वातावरणमैत्री पशुपालन व्यवसायलाई प्रेरित गर्नका लागि डाले घाँसका विउ तथा बेर्ना वितरणका तथा घाँसको नर्सरी स्थापना कार्यक्रम सन्चालन गरिनेछ । जसले गर्दा पशुपालन व्यवसायलाइ उत्पादन लागत घटाउन मद्दत पुग्ने अपेक्षा लिइएको छ ।

३६. महामारी रोगहरुको संक्रमणबाट पशुहरुलाई सुरक्षित राख्नको लागि पशुपंक्षिमा खोपसेवाका कार्यक्रमहरु नियमित रुपमा सन्चालन गर्ने व्यवस्था मिलाईनेछ ।साथै आपतकालीन रुपमा पशुपंछीमा देखिएको अवस्थामा उपचार सेवा लाई प्रथामिकता दिईनेछ ।

३७. व्यसाय प्रवर्दन तथा संचालनको लागि पशुपालक कृषकलाई व्यावसायिक तालिमको व्यवस्था मिलाइएको छ । जसले गर्दा कृषकमा पशुपालन व्यवसायमा सुधार तथा आधुनिकीकरण हुने अपेक्षा लिईएको छ ।

३८. कृतिम गर्भाधान कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ । जसले गर्दा नश्ल सुधार भइ उत्पादन बढ्ने अपेक्षा लिइएको छ ।

३९. बाख्राको श्रोत केन्द्र स्थापना गर्न सम्भावनाको अध्यन गरि आवश्यक पहल गरिनेछ ।यसबाट नौकुण्ड गाउँपालिका भित्र बाख्राको उन्नत नश्ल उत्पादन तथा गाउँपालिकाको आन्तरिक आम्दानि बढ्ने अपेक्षा लिईएको छ ।

**लघु उद्यम तथा निजि क्षेत्रको बिकास**

१. महिला आर्थिक सशक्तिकरणमा जोड दिदै महिला उद्यमीहरुको समस्या पहिचान गरी आवश्यकतामा आधारीत कार्यक्रमहरु संचालन गरिनेछ ।

२. व्यवसाय करको दायरा बढाउदै लैजाने र यसका लागि उद्योगि व्यावसायिहरुसँग आवश्यकतानुसार समन्वय गरी कार्य गर्ने। व्यवसायिमा कर तिर्ने व्यवस्था तथा कर नीतिको बारेमा आवश्यक प्रशिक्षणको व्यवस्था मिलाईनेछ।

३. उद्योगी व्यावसायिहरुको क्षमता विकासका लागि आवश्यकतामा आधारीत व्यवस्थापकिय तथा प्राविधिक सीप विकास गर्ने व्यावसाय व्यवस्थापन उद्यमशिलता विकास व्यावसायिक योजना निर्माण बजारीकरण लेखापालन जस्ता इलम कार्यक्रमहरु संचालन गरिनेछ ।

४. अपाङ्गता भएका नागरिक, एकल महिला, विपन्न, भु:कम्पको कारण विस्थापनमा परि यस स्थानीय तहको सेवा क्षेत्रमा आई बसोवास गर्ने आन्तरिक तथा बाह्य विस्थापितहरुको आर्थिक विकासको लागि आवश्यक नितिगत तथा कार्यक्रमको सुनिश्तिता गरिनेछ ।

५. स्थानीय तहमा संचालनमा रहेका दर्ता भएका र नभएका सबै खाले उद्योग व्यावसायहरुको तथ्यांक अध्यावधिक गर्ने व्यावसाय दर्ता अभियान वडातहमा संचालन गरीनेछ ।

६. गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (मेडपा) मोडल अर्न्तगत सामाजिक परिचालन,उद्यमशिलता, बिकास तालिम तथा सिप बिकास तालिम सञ्चालन गरि सिप अनुसार प्रविधि हस्तान्तरण गरि उद्यमी बनाउनुका साथै वित्तिय सेवामा पहुँच बढाई उत्पादन संगै बजारीकरणको व्यवस्था मिलाईनेछ ।

७. महिला तथा एकल महिलाहरुलाई लक्षित गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने कार्यमा साझेदार संस्थाहरुसँगको समन्वयलाई निरन्तरता दिईनेछ ।

**राजस्व नीति**

१. स्थानीय तहको राजस्व अभिबृद्धिका लागि राजश्व सुधार योजना निर्माण गरि प्रगतिशिल राजस्व नीति लागु गरिनेछ ।

२. निजी क्षेत्रका संघ संगठनहरुसँग समन्वय गरी स्थानीय तहमा तीनका शाखा विस्तार गर्न सहजिकरण गर्ने र राजश्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

३. उद्योग व्यावसाय दर्तामा महिला, दलित तथा विपन्न बर्गका लागि राजश्वमा केहि हदसम्म छुटको व्यवस्था गरिने छ साथै **"व्यापार व्यावसायमा महिला उद्यमी"**हरुको लागि बिशेष प्राथमिकता गरिनेछ । गाउँपालिकाको सहयोगमा सिप बिकास तालिम तथा सहयोग प्राप्त उद्यमीहरुलाई व्यावसायद दर्ता गर्नको लागि थप प्रोत्साहान गरिनेछ ।

४. गाउँपालिकाले हाल लिदै आएको कर, राजश्व शुल्क आदीलाई थप व्यवस्थित र नियमन गरिनेछ । **"हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध नौकुण्ड बनाउने हाम्रै रहर"** भन्ने नारालाई सफल पार्न असल करदातालाई सम्मान र तोकिएको समयमा कर तिर्ने करदातालाई बिशेष छुटको व्यवस्था गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**वन,वातावरण तथा विपद् व्यवस्थापन नीति :**

१. भेल बाढी तथा पहिरोको जोखिममा रहेका समुदायहरुमा जोखिम न्यूनीकरण तथा अल्पीकरणका कामका लागि संघीय सरकार, प्रदेश, स्थानीय तह र अन्य संघसंस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ। अल्पीकरण योजना सञ्चालन गर्दा वातावारणमैत्री, प्रकृतीमैत्री र परम्परागत रैथाने ज्ञानलाई प्राथमिकता दिइनेछ। अल्पीकरणका कार्य सञ्चालनका लागि बजेट विनियोजन गरिनेछ।

२. विपद्का समयमा आवश्यक पर्ने खोज तथा उद्धारका सामाग्री प्रत्येक वडामा व्यवस्था गरिनेछ।

३. उन्नत ग्रामीण सडक निर्माण निर्देशिकामा व्यवस्था गरेबमोजिम सडक निर्माणको काम गरिनेछ। सडक आसपास पहिरो जान नदिन आवश्यकताअनुसार भारवहन पर्खाल, बायो—इन्जिनियरिङ्ग तथा पानी निकासको अनिवार्य व्यवस्था गरेर मात्र कार्यपालिकाले सडक आयोजना स्वीकृत गर्ने, सोहि अनुसार बजेट विनियोजन गर्ने र सबै ग्रामीण सडकमा सोको कार्यान्वियन सुनिश्चित गरिनेछ। साथै सडक आसपास बग्ने पानीको निकास, पहिरो तथा भिरालो जमिन स्थिरीकरण गर्न बायो—इन्जिनियरिङ्ग तथा अन्य वातावारणमैत्री, प्रकृतीमैत्री प्रविधिको व्यापक उपयोग तथा प्रवर्द्धन गरिनेछ।

४. विपद् पूर्वतयारी तथा प्रतिकार्यमा आधारित भै प्रक्रियागत र वास्तविक घटनलाई आधार बनाई नमूना अभ्यास क्रियाकलाप संचालन गरिनेछ। विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वयंसेवक कार्यदल गठन

गरिने छ। उक्त कार्यदललाई तालिमको व्यवस्था गरिनेछ। यसअघि तालिम प्राप्त जनशक्तिलाई पुनःताजगी तालिम सञ्चालनका लागि आवस्यक बजेट विनियोजन गरिनेछ।

५. अति उच्च जोखिममा रहेका वस्तीहरुको पुननिर्माण तथा पुनस्थापनाका लागि स्थानीय सरकारले व्यहोर्नुपर्ने लागत रकम विनियोजन गरिनेछ। पहिरो जोखिम (वर्ग २) बस्तिको प्राथमिकता तथा प्राविधिक सम्भाव्यताका आधारमा पहिरो जोखिम न्यूनीकरण गर्न विज्ञहरु संलग्न गराई प्राविधिक अध्ययन गर्ने र बिस्तृत प्राविधिक प्रतिबेदन तयार गरिनेछ। गाउँपालिकाको आफ्नो स्रोतको उपलब्धताका आधारमा विस्तृत प्राविधिक प्रतिबेदन कार्यान्वयन गर्नेछ। स्रोत अपुग भई विस्तृत प्राविधिक प्रतिबेदन कार्यान्वय गर्न समस्या हुने भएमा उक्त विस्तृत प्राविधिक प्रतिबेदनका आधारमा प्रदेश तथा संघिय सरकारसंग रकम प्राप्त गर्न समन्वय गरिनेछ।

६. मनसुनजन्य विपद् पुर्वतयारीका लागि जल तथा मौसम विज्ञान विभाग सँगको समन्वयमा स्वचालित जल मापन र खोलामा पानिको सतह मापन गर्ने यन्त्र जडान गरिनेछ। यसका साथै स्थानीय भूपरिवेश अनुसारको विपद् पूर्व सुचना प्रणाली जडानका लागि सम्बन्धित मन्त्रालय र निकायहरुसँग समन्वय गरिनेछ।

७. विपद् पोर्टललाई पुर्णता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख्न सुचना संकलन र अद्यावधीकलाई प्राथमिकताको साथ अघि बढाइनेछ र यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

८. जोखिमको सम्मुखमा रहेका वस्तीलाई अस्थायी स्थानान्तरणका लागि पहिचान भएका खुला तथा सुरक्षीत स्थानमा अति आवश्यक पूर्वाधारहरुको सुनिश्चितता सहित अत्यावश्यक बस्तुहरुको भण्डारण गरिनेछ। विपद्को समयमा प्रयोग गर्न सकिने गरी आकास्मीक आश्रयस्थलको निर्माणका लागि बजेट बिनियोजन गरिनेछ। विपद्को समयमा प्रयोग गर्न सकिने विद्यालय, सामुदायिक भवन तथा अन्य सार्वजनिक भवनहरुको पहिचान गरी आवश्यक बन्दोबस्ती गरिनेछ।

९. पुर्वाधार विकासको योजना तर्जुमा तथा निर्माण कार्य गर्दा जोखिम न्यूनीकरणको पक्षलाई एकिकृत गरिनेछ। जस्तै कच्ची सडक आसपासको भिरपाखोमा अम्रिसो, बाँस, सिट्ठो र भूजेत्रो रोपण गर्ने। आगलागिको जोखिममा रहेका समुदायमा पानी सञ्चय गर्न पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकता साथ अघि बढाइनेछ।

१०. भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया अगाडी बढाइनेछ। नापी विभागबाट प्राप्त नक्साहरुलाई स्थानीय तहको आवश्यकताको आधारमा अद्यावधिक गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

११. संसोधित विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० को कार्यान्वयनका लागि आवस्यक बजेट विनियोजन गरिनेछ। साथै विपद् जन्य घटनाहरुमा प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न गराउन यस गाउँपालिका क्षेत्रमा कार्यरत संघसंस्थाहरुसँग समन्वय गरि विपद् फोकल पर्सनको व्यवस्था गरिनेछ। प्रकोपको निगरानीका आधारमा पूर्वानुमान सूचना पाएपछि विपद्जन्य घटना घट्नु अगावै निश्चित समयावधिमा प्रभावकारीरूपमा विपद् पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरी सम्भावित प्रकोपबाट हुन सक्ने जनधनको क्षतिका साथै विपद् प्रभाव कम गर्न गाउँकार्यपालिकाले तयार गरेको पूर्वानुमानमा आधारित विपद् पुर्वतयारी तथा अग्रीम प्रतिकार्य कार्यविधि,२०८० लाई अनुमोदन गर्ने र कार्यान्वयन गरिनेछ।

१२. स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रको स्थापना तथा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। जल तथा मौसम विज्ञान विभागबाट प्राप्त मौसम सम्बन्धी सूचनाहरु समयमानै समुदायमा प्रवाह गर्नका लागि आवश्यक संरचना निर्माण गरिनेछ।

१३. समुदाय स्तरीय विपद व्यवस्थापन समिति गठन तथा क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। विपद्को समयमा परिचालन गर्नका लागि समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन टास्क फोर्स (कार्यदल ) गठन र क्षमता विकासको कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिनेछ।

विपद् जोखिम न्यूनिकरण, व्यवस्थापन र प्रतिकार्य सम्बन्धी सम्बन्धी सामुदायिक शिक्षा र सचेतनाका लागि समुदाय तहमा अभिमुखीकरण कार्यक्रमको व्यवस्था गरिनेछ।

१४. विपद् व्यवस्थापनका क्षेत्रमा भएका असल अभ्यासहरुको अध्ययन अवलोकन तथा सिकाई भ्रमणको व्यवस्था गरिनेछ।

१५. विपद् व्यवस्थापनलाई अन्य विषयगत क्षेत्रका क्रियाकलापहरुमा मुलप्रवाहीकरण गरिनेछ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलाप सञ्चालनका लागि समपुरक कोषको व्यवस्था गरिनेछ।

१६. विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई विपद् उत्तरदायि बनाइने छ। सामाजिक सुरक्षा भत्ताको वितरण मनसुन अगावै गर्ने व्यवस्था गरिनेछ।

१७. विपद् व्यवस्थापनको क्षेत्रमा विपत् प्रतिकार्यमा भन्दा विपद् जोखिम न्यूनीकरणको लागि पूर्वतयारी र पूर्वकार्य नीति अवलम्वन गरिनेछ।

१८. विपद् जोखिममा रहेका व्यक्ति तथा परिवारहरुको तथ्यांक व्यवस्थापन गर्नका लागि घरधुरी तथा संस्थागत सर्वेक्षणको कार्य गरिनेछ।

१९. गाउँपालिका क्षेत्रभित्र रहेका भूमि सम्बन्धी समस्या समाधानको लागि अध्ययन गरी आवस्यक प्रक्रिया अघि बढाईनेछ। यसका लागि आवस्यक बजेट विनियोजन गरिनेछ। बाझो रहेका जमिनको लगत संकलन गरी उपयोगको योजना बनाईनेछ। माटो र प्रकृतिको संरक्षणका लागि प्रकृतिमैत्री विकासको कार्य अघि बढाईनेछ।

२०. स्थानिय पाठ्क्रम निर्माण र कार्यान्वयनमा विपद् व्यवस्थापनको विषयवस्तुलाई समावेश गरिनेछ।

सभाका सदस्यज्यूहरु,

**सुशासन तथा संस्थागत बिकास नीति :**

१. शासकिय प्रवन्ध, र संगठन तथा प्रशासन लाई थप सुदृढ बनाईनेछ, क्षमता बिकास योजना तयार गरि कार्यान्वयनमा ल्याउनुका सबै जनप्रतिनिधिहरुलाई अभिमुखिकरण/तालिम कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरिएको छ।

२. सेवा प्रवाहलाई छिटो, छरितो प्रभावकारी एंव जनमैत्री बनाउन सूचना प्रबिधिको प्रयोगलाई प्रभावकारी बनाईनेछ।

३. कर्मचारीहरुको कार्यसम्पादनमा आधारीत प्रोत्साहान कार्यक्रमहरु लागु गरिनेछ।

४. वेरुजु नहुने गरी आर्थिक प्रशासन संचालन गर्ने नीति लिइने छ। आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाइनुको साथै आन्तरीक लेखा परिक्षण बाट यथार्थ विवरण प्राप्त हुने व्यवस्था मिलाइनेछ।

५. पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारीत घटना दर्ता प्रणालीलाई सबै वडाहरुमा अन्लाईन मार्फत प्रभावकारी ढंगले ब्यबस्थापन गरिएको छ।

६. कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ।

७. पारदर्शीता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ। कम्तिमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ। विकास निर्माणको सार्वजनिक परीक्षण गरिनेछ।

८. विकास निर्माण कार्यमा पारदर्शीता कायम गर्न योजना स्थलमा नै सूचना पाटी राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ। सेवा प्रवाहलाई सूचना प्रविधी मैत्री बनाईनेछ।

९. यस गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गा.पा.भित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु गाउँपालिका बोर्ड बैठकबाट निर्णय गरी कार्यान्वयन गर्ने र आगामी गाउँ सभाबाट अनुमोदन गरिनेछ।

१०. गाउँपालिकाद्धारा संचालित कार्यक्रम, आयोजना तथा बजेट खर्चको चौमासिक रुपमा प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था मिलाइनेछ।

११. गाउँपालिका भित्र पैचौं पसल संचालन गर्ने।

१२. सभाहल गाउँपालिकाले संचालन गर्ने।

सभाका सदस्यज्यूहरु,

**राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धि नीति तथा कार्यक्रम :**

१. प्रस्त नौकुण्ड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत भएका वडा नं.१ देखि वडा नं.६ सम्मका वेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तगत युवा रोजगारीका लागि रुपान्तरन पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित समुदायिक आयोजनाहरुमार्फत न्यूनतम रोजगारी उपब्ध गराइने छ ।

२. सुचिकृत व्यक्तिहरुमा रहेको विभिन्न खालको सिपहरुको पहिचान गरि अन्तरिक रोजगारी प्रबर्धन गर्न मन्त्रालयको निर्देशन वमोजिम आवश्यक सीपमूलक तालिम प्रधान गर्नको लागि आवश्यक समन्वयन तथा सहजीकरण गरिने छ ।

३. मन्त्रालयको निर्देशन वमोजिम वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरुको सिप पहिचान गरी स्वरोजगारमुलक कार्यमा संलग्न गराउन अवश्यक पहल गरिने छ आफै लाघु उधमी भई रोजगारी बन्न प्रोत्साहित गरिने छ।

४. संघ तथा प्रदेशले ल्याएको विभिन्न रोजगार मुलक आयोजनाका कार्यक्रममा सुचिकृत व्यक्तिहरुको प्राथमिकरणको आधारमा काममा लगाईने छ ।

५. मन्त्रालयको निर्देशन वमोजिम सार्वजनिक पूर्वाधार निर्माण , कृषि,व्यवसायिक तथा उत्पादनमुलक श्रेत्रमा रोजगारी सिर्जना गर्नको लागि अवश्यक पहल गरिने छ।

६. रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरिलने छ ।

७. युवा रोजगारीका लागी रुपान्तर पहल आयोजना आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई सशक्त रुपमा सन्चालन गरिने छ।

८. वैदेशिक रोजगारीमा जान चहाने व्यक्तिहरुका लागी पुर्ण श्रम स्वीकृत तथा नयाँ श्रम स्वीकृतको लागी मन्त्रालयको निर्देशन बमोजिमको सम्पुर्ण व्यवस्था रोजगार सेवा केन्द्रबाट गरिने छ ।

९. श्रमको सम्मान राष्ट्को अभियान कार्यक्रमलाई नेपाल सरकार श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्देशन बमोजिक निरन्तररुपमा सन्चालन गरिने छ ।

१०. वैदेशिक रोजगारीलाइ विप्रेशणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ। यी कार्यहरू संचालन गर्नको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

**आर्थिक वर्ष २०८२/०८३ को नौकुण्ड गाउँपलिकाको रणनीति :**

गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,
आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको रणनीतिलाई थप प्रभावकारीता सहित निरन्तरता दिईनेछ ।

१. राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुको सहकार्यमा जोड दिने ।

२. समावेशी, सन्तुलित तथा दिगो विकासका लागि सामाजिक परिचालनमा जोड दिने ।

३. आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणालाई थप प्रभावकारी बनाउने ।

४. ठूला योजनाहरुको सम्भाब्यता अध्ययन एवं डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने ।

५. जलवायु परिवर्तन अनुकुलन कार्य योजना अनुसार विकास कार्य सम्पादन गरिनुका साथै विपदको प्रभावकारी व्यवस्थापन गर्ने ।

६. लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरुलाई गाउँपालिकाको एउटै छाताभित्र समन्वय तथा साझेदारी मार्फत लक्षित उपलब्धी हासिल गर्नमा जोड दिने ।

७. उद्यमशीलताको विकासका साथै स्थानीय कच्चापदार्थमा आधारित उद्योग, व्यापार तथा व्यवसायको प्रवर्द्धन गर्ने ।

८. आधारभूत र माध्यमिक शिक्षालाई प्रविधिमा आधारित गराउदै गुणस्तरीय र रोजगारीमूलक वनाउने ।

९. आधारभूत स्वास्थ्यसेवामा नागरिकको सहज पहुँच हुने व्यवस्था गर्ने ।

१०. नेपाल सरकारले अवलम्बन गरेको दिगो बिकास लक्ष्यलाई हासिल गर्नको लागि एकिकृत रुपमा सामाजिक,आर्थिक तथा भौतिक बिकास कार्यहरु गर्ने ।

११. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा जोड दिने ।

१२. स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने ।

१३. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक,दिगो प्रभावकारी तथा नतिजामूलक बनाउने ।

अन्तमा यस नौकुण्ड गाउँपालिकाको समग्र बिकासमा योगदान पुऱ्याउने राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, निजी क्षेत्र, सहकारी र गैरसरकारी संघ संस्थाहरु, श्रमिक वर्ग, आमा समुह, आमसञ्चार, सामाजिक अभियन्ता, युवा क्लव, लगायत सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनवाट नौकुण्ड गाउँपालिकाको समृद्धी तथा विकासमा उल्लेखनिय योगदान पुग्ने अपेक्षा गरेको छु। नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनुहुने गाउँसभाका सदस्यज्यूहरु, बुद्धिजिवीहरु, राष्ट्र सेवक कर्मचारीहरु,सुरक्षाकर्मि, पत्रकार,गैर सरकारी संघ तथा संस्थाहरु सबैलाई धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि समेत सबैको सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद ।।।

नुर्वु स्याङवो घले
अध्यक्ष
नौकुण्ड गाउँपालिका, सरमथली, रसुवा